# सिद्धार्थनगर नगरपालिका कार्यालय
## सिद्धार्थनगर, रुपन्देही

प.सं. प्रशासन /०७०/०७१ मिति :– २०७१।२।१
च.नं.

**विषय : निर्णय उतार पठाइएको सम्बन्धमा ।**

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
न.पा. व्यवस्थापन शाखा
सिंहदरवार ।

प्रस्तुत विषयमा यस कार्यालयको न.पा. वोर्डले मिति २०७१ साल बैशाख महिनामा गरेको निर्णय उतार तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

**तपसिल**

**मिति २०७१।१।४ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

नगरपालिका बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री टीकादत्त राई ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बस्यो ।

**उपस्थिति**

श्री टीकादत्त राई – प्रमुख/का.अ. सि.न.पा.

**आमन्त्रीत**

श्री शैलेन्द्र प्रसाद श्रेष्ठ – ब.ई. सि.न.पा.
श्री बिवेक कुमार खनाल – ब.अ. सि.न.पा.
श्री गणेश बहादुर क्षेत्री – ब.अ. सि.न.पा.
श्री देव प्रसाद ज्ञवाली – शाखा अधिकृत
श्री श्रीराम गुप्ता – अध्यक्ष, कर्मचारी एशोसिएशन

**निर्णय नं. १(एक)**

सिद्धार्थनगर नगरपालिका वार्ड नं. ५ हाटबजार पथमा सामुदायिक भवन निर्माण गर्न नगर विकाश कोषको अनुदान सहयोगबाट ५० प्रतिशतले हुन आउने रकम रु २९,३८,१६८।०० ऋण अनुदानबाट



"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

४० प्रतिशतले हुन आउने रकम रु २३,५०,५३४।०० र नगरपालिकाको पारस्परीक कोष Matching Fund बाट १० प्रतिशत हुन आउने रकम रु ५,८७,६३३।०० समेत गरी कुल लागत रु ५८,७६,८०६।१४ को स्वीकृत योजना अनुमोदन गर्दै न.पा.ले व्यर्होनु पर्ने ऋण अनुदानको ४० प्रतिशतले हुन आउने रकम रु २३,५०,५३४।०० र पारस्परिक कोष (Matcing Fund) बापत व्यहोर्नुपर्ने १० प्रतिशतले हुन आउने रकम रु ५,८७,६३३।०० व्यहोर्ने प्रतिवद्धता व्यक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं. २(दुई)**

सिद्धार्थनगर नगरपालिका र नगर विकास कोष बिच वार्ड नं. ५ हाटबजार पथमा निर्माण हुन गईरहेको सामुदायिक भवनको लागी न.पा. को तर्फबाट सम्झौतामा हस्ताक्षर गर्नका लागी कार्यकारी अधिकृत एवम नगर प्रमुख श्री टीकादत्त राईलाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं. ३(तिन)**

सिद्धार्थनगर नगरपालिका वार्ड नं. ५ हाटबजार पथमा सामुदायिक भवन निर्माण गर्नका लागी २०७२।३।१५ गते सम्म सम्पन्न गर्ने गरी तयार पारिएको कार्यतालिका स्वीकृत गर्ने निर्णय गरियो ।


फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np